# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०८ को उपदफा (१) मा व्यवस्था भए बमोजिम अर्थ सचिव डा. राजन खनाललाई नेपाल राष्ट्र बैंक, संचालक समितिको सदस्यको रूपमा सर्वोच्च अदालतका सम्माननीय कायममुकायम प्रधान न्यायाधीश श्री दीपकराज जोशीले २०७४ चैत २८ गते पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो ।



काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिकामा जन्मनु भएका सचिव डा. खनालले महेन्द्र संस्कृत विश्वविद्यालयबाट Taxation Policy of Nepal विषयमा विद्यावारिधि र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र संकायबाट स्नातकोत्तर तह उत्तीर्ण गर्नु भएको छ ।

सचिव डा. खनालले सन् १९९३ बाट निजामति सेवामा प्रवेश गरी नेपाल सरकारको विभिन्न मन्त्रालय र विभागहरूमा उच्च तहमा रही कार्यानुभव हासिल गर्नु भएको छ ।

अर्थ सचिव एवम् सञ्चालक खनालको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

२०७४ चैत २८, बुधबार

गभर्नरको कार्यालय